नाम्खा गाउँपालिका
याल्वाङ्, हुम्ला

ICIMOD

कैलाश पवित्र भू-परिधि संरक्षण तथा विकास पहल



अन्तर्क्रिया कार्यशाला

# हुम्लाको नाम्खा गाउँपालिकामा दिगो पर्यटनका लागि योजना निर्माण

२०७७ माघ २५ । नेपाल पर्यटन बोर्ड, काठमाडौं, नेपाल

## पृष्ठभूमि

कैलाश पर्वत तथा मानसरोवर यात्राको औपचारिक “निकासद्वार” मानिने कर्णाली प्रदेशको हुम्लास्थित नाम्खा गाउँपालिकाले दिगो पर्यटनलाई आफ्नालागि अत्यन्तै उच्च महत्वको आर्थिक क्षेत्र मानेको छ । कैलाश पर्वत विश्वभरिकै अत्यन्तै पवित्र तीर्थस्थलमध्ये पर्छ जहाँसम्म पुग्न वर्षेनी भारत, नेपाल तथा तिब्बती पैठार पार गर्दै हजारौं मानिसले तीर्थयात्रा गर्दछन् । नाम्खा गाउँपालिकामा ३ हजार ९ सय मानिस बसोबास गर्दछन् जसमध्ये प्रायः भोटिया जनजातीका छन् । यस गाउँपालिका तथा वरपरका क्षेत्र प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न छन् जसका कारण यस क्षेत्रलाई सांस्कृतिक तथा पर्यावरणीय पर्यटनको केन्द्रमा परिवर्तन गर्न सकिने प्रचुर सम्भाव्यता रहेको छ ।

नेपालमा लागू भएको संघीयताको अवधारणा अन्तर्गत स्थानीय सरकारहरुलाई आफ्नो कार्याधिकारका निश्चित क्षेत्रमा योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार प्राप्त छ । कैलाश पवित्र भूपरिधि संरक्षण तथा विकास पहलको सहयोगमा नाम्खा गाउँपालिकामा दिगो पर्यटनका लागि पाँचवर्षे योजना तर्जुमा गरिएको थियो । यस पर्यटन योजनाले नाम्खा गाउँपालिकामा विद्यमान तर हालसम्म विकास नगरिएको सांस्कृतिक तथा पर्यावरणीय पर्यटनको सम्भाव्यताको लाभ उठाउनका निम्ति रणनीतिक दस्तावेजको भूमिका निर्वाह गर्दछ ।

## उद्देश्य

यस गोष्ठीको उद्देश्य नाम्खा गाउँपालिकामा दिगो पर्यटनका लागि पाँचवर्षे योजनाको प्रारम्भिक खाकालाई सरोकार वालाहरुसामु प्रस्तुत गर्नु हो । सरोकारवालाहरुसँगको अन्तर्क्रियाले यस योजनाका निष्कर्षहरुलाई पुष्टि गर्न तथा यसको कार्यान्वयनका लागि आवश्यक सल्लाहसुझाव र अन्य सान्दर्भिक सहयोग जुटाउन सघाउने छ । “ट्रेजर्स अफ हुम्ला” फोटो तथा कला प्रदर्शनीले नाम्खा गाउँपालिकाको सांस्कृतिक सम्पदाको परिचय तथा पर्यावरणीय पर्यटनको सम्भाव्यतालाई स्थापना गर्न सघाउने छ ।

सरोकारवालाहरुबाट प्राप्त सल्लाहसुझावले गाउँपालिकाको योजनालाई अन्तिम रुप दिन सघाउनुका साथै त्यसको कार्यान्वयनका लागि कसरी अघि बढ्ने भन्ने मार्गनिर्देश गर्नेछ ।

## एजेण्डा

आइतबार, २५ माघ, २०७७

| समय | सत्र | कार्यक्रम |
|---|---|---|
| ११:००-११:३० | उद्घाटनपूर्व | आगमन तथा रेजिस्ट्रेशन<br>नाम्खा गाउँपालिका, हुम्लाको फोटो यात्रा |
| ११:३०-११:४५ | उद्घाटन | स्वागत मन्तव्य - विष्णु लामा, अध्यक्ष, नाम्खा गाउँपालिका<br>सहभागी परिचय<br>कार्यशाला उद्देश्य प्रस्तुति |
| ११:४५-१२:४५ | अन्तर्क्रिया  कार्यक्रम | दिगो पर्यटन योजना प्रस्तुति - रामचन्द्र सेढाई<br>सरोकारवालाहरूसँग प्रश्नोत्तर<br>अघि बढ्ने बाटो |
| १२:४५-१३:३० | समापन | समापन मन्तव्य - मान्यजन अतिथिहरूबाट<br>धन्यवाद प्रस्ताव |
| १३:३०-१४:३० | भोजन | |
| १४:३०-१६:३० | "ट्रेजर्स अफ हुम्ला" फोटो तथा कला प्रदर्शनी | प्रारम्भिक टिप्पणी<br>कलाकारहरूसँग अन्तर्क्रिया<br>समापन मन्तव्य<br>धन्यवाद प्रस्ताव |



**ICIMOD gratefully acknowledges the support of its core donors:** the Governments of Afghanistan, Australia, Austria, Bangladesh, Bhutan, China, India, Myanmar, Nepal, Norway, Pakistan, Sweden, and Switzerland.

© ICIMOD 2021

**अन्तर्राष्ट्रिय एकीकृत पवतीय विकास केन्द्र**
**फो ५२७५२२२** | **ई** info@icimod.org | **www.icimod.org**